# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन १० गते २०१० साल

भाग ७

## स्वास्थ्यमन्त्रालयको सूचना

संख्या ६१६ फु. १० ६ फाल्गुन २०१०

सन् १९५१ जनवरी २३ ता. का दिन काठमाडौंमा दस्खत भएका नेपाल सरकार र संयुक्तराज्य अमेरिका सरकारका बिचमा प्राविधिक सहयोग Technical Co-operation) को निमित्त भएका साधारण सम्झौता (General Agreement) अनुसार आज दिनको २ बजे स्वास्थ्यसम्बन्धी सहयोगी कार्यक्रम (Co-operative Program for Health) को लागी दुइ सरकारको बिचमा एउटा सम्झौतामा दस्खत गर्ने काम भयो ।

यस सहयोगी कार्यक्रमको सम्झौतापत्र (Agreement) मा नेपाल सरकार स्वास्थ्यमन्त्रालयतर्फबाट श्री माननीय स्वास्थ्यमन्त्री त्रिपुरवरसिंहले र संयुक्तराज्य अमेरिकाको सरकारको फरेन् अपरेशन एडमिनिष्ट्रेशन्स (Foreign operations Administrations) को नेपाल को लागि संयुक्तराज्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

958

अमेरिकाको अपरेशन मिशनका तर्फबाट सो मिशनका डाइरेक्टर श्रीहारलुडुजेन् बेरीले आफ्नो आफ्नो दस्खत हाल्नुभयो।

सो सम्झौतापत्र–अन्तर्गत दुइटा अर्को प्रोजेक्ट सम्झौता (Project Agreements) हरूमा पनि दस्खत गर्ने काम भयो।

सो दुवै प्रोजेक्ट सम्झौता पत्रहरूमा नेपाल सरकारतर्फबाट मेडिकल डिपार्टमेन्टका का. मु. डाइरेक्टर जनरल श्रीदिनेशानन्द वैद्यले र नेपालका लागि संयुक्तराज्य अमेरिकाको अपरेशन्स मिशन्सका तर्फबाट डाइरेक्टर श्रीहारड डुजेन्सकेरीले आफ्नो आफ्नो दस्खत राख्नुभयो।

सो प्रोजेक्ट सम्झौतापत्रमध्ये एउटा प्रोजेक्ट फर इन्सेक्ट बोर्न डिजिज कन्ट्रोल छ।

जुनअनुसार मलेरिया कालाज्वर र अरू यस्तै रोग नियन्त्रण गर्ने देशभरी कार्यक्रम चालु गर्नेछ।

अर्को प्रोजेक्ट फर भिलेज सानिटेशनअनुसार अस्वास्थ्यकर अवस्था तथा वातावरण (unhygienic living conditions) ले गर्दा हुने रोगको नियन्त्रण चालु गर्नेछ।

यो दुवै कार्यक्रमको लागि नेपाल सरकारतर्फबाट रु १,००,००० एक लाख र संयुक्तराज्य अमेरिका सरकारतर्फबाट ३७,४०० सैंतीस हजार र चार शय डालर प्रदान गरिने भएको छ।

आज्ञाले—
टङ्कप्रसाद अधिकारी.
सेक्रेटरी—स्वास्थ्यमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

९५५